# जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको

# वार्षिक कार्यसम्पादन प्रतिवेदन, २०८१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय तेह्रथुम
मिति: २०८१/०४/०३

## दुई शब्द

जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लाको जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी खटाएको हुन्छ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधिको रूपमा काम गर्छ।

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ अनुसार प्रत्येक सरकारी कार्यालयले एक आर्थिक वर्ष अवधिभर सम्पादन गरेका गतिविधिहरु, उपलब्धी, समस्या तथा चुनौतीहरु साथै भावी रणनीतिलाई वार्षिक प्रतिवेदनको रुपमा माथिल्लो निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ। साथै गृह सचिव र प्रमुख जिल्ला अधिकारीवीच भएको कार्यसम्पादन करार सम्झौतामा समेत प्रमुख जिल्ला अधिकारीले वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने गरी सूचक निर्धारण गरिएको छ। सोही सन्दर्भमा जिल्ला प्रशासन कार्यालय तेह्रथुमबाट यो जिल्ला प्रशासन कार्यालयको वार्षिक प्रगति प्रतिवेदन २०८१ तर्जुमा गरिएको छ।

यस प्रतिवेदनवाट जिल्ला प्रशासन कार्यालय तेह्रथुमले आर्थिक वर्ष २०८०/८१ अवधिमा सम्पादन गरेका मुख्य मुख्य क्रियाकलापहरु, उपलब्धीहरु, आफ्नै पहलमा गरेका अनुकरणिय कार्यहरु भोगिएका समस्या तथा चुनौती एवम् आगामी दिनमा अवलम्वन गरिने रणनीतिहरुका वारेमा जानकारी हुनेछ साथै कार्यालयको वार्षिक संस्थागत स्मरण समेत हुनेछ।

यस प्रतिवेदनले जिल्ला प्रशासन कार्यालय तेह्रथुमवाट आगामी दिनमा सम्पादन गरिने क्रियाकलापहरुमा व्यावसायिकता अभिवृद्धि गर्न साथै थप जनमैत्री सेवा प्रवाहका लागि मार्गदर्शन समेत गर्ने अपेक्षा गरेको छु।

(मीना अर्याल)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

# विषयसूची:


भाग एक........................................................................................................१

जिल्लाको संक्षिप्त परिचय........................................................................................१

भाग दुइ ..........................................................................................................३

संस्थागत तथा जनशक्ति व्यवस्थापन ........................................................................३

भाग तीन ........................................................................................................ ६

पृष्ठभूमि, कार्यदिश तथा मूख्य जिम्मेवारी ................................................................. ६

भाग चार.......................................................................................................... ९

सम्पादित क्रियाकलाप र उपलब्धी............................................................................. ९

भाग पाँच ...................................................................................................... २२

भावी रणनीति.................................................................................................. २२

भाग छः ......................................................................................................... २६

२०८०/१२/१२ पछिका केही नवप्रवर्तनात्मक/मुख्य कार्यहरु......................... २६


मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

# भाग एक

## जिल्लाको संक्षिप्त परिचय

### १.जिल्लाको संक्षिप्त वस्तुस्थिति

नेपालको कोशी प्रदेशको १४ जिल्लामध्ये पूर्वी पहाडी भूभागमा अवस्थित तेह्रथुम जिल्लाको नामाकरण तत्कालीन श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरिसकेपछि जग्गाको तिरो भरो उठाउने व्यवस्थासँग सम्बन्धित रहेको पाईन्छ। पृथ्वीनारायण शाहको विजय अभियानको क्रममा पूर्व क्षेत्र एकीकरणको लागि अभिमान सिं बस्नेतको नेतृत्वमा आएको गोर्खाली सेनाले खुम्बुवान क्षेत्रमा विजय गरी सकेपछि वि.सं. १८३१ मा गोर्खाली सैन्यका रामकृष्ण कुँबरलाई लिम्बुहरुले चैनपुरमा बोलाई मेलमिलाप गरी आफुहरु नेपाल सरकारको आश्रयमा बस्न स्वीकार गरेका थिए। यसरी लिम्बुवान क्षेत्र नेपाल अधिराज्यमा समावेश भई सकेपछि गोर्खालीले लिम्बुहरुको रितिथिति अनुसार किपटको अमालप्रथा यथावत थामियो। किपटको राजीनामा नहुने भयो। यहाँका सुब्बाहरूलाई पञ्चखतबाहेक अन्य मुद्दा मामिलाहरू हेर्ने र "ठिग्रे मुग्रे" गरी दण्ड जरिवाना समेत गर्न पाउने अधिकार हुने गरी पृथ्वी नारायण शाहबाट लालमोहर बक्स भएको थियो।

गोर्खाली सेनाले खुम्बुवान क्षेत्रमा विजय गरिसकेपछि वि.सं. १९५२ मा यस क्षेत्रका लिम्वुहरुले नेपाल सरकारको आश्रयमा बस्न स्वीकार गरेको बुझिन्छ। त्यस बखत लिम्वुवान क्षेत्र सत्रथुम अन्तर्गत पर्दथ्यो र धनकुटा गौडा अन्तर्गत रहि तिरोभरो धनकुटा गौडामा बुझाउनु पर्ने थियो। तत्पश्चात वि.सं. १९५२ सालमा सत्रथुम मध्ये मित्लुङ्गापहाड, जलहरा, वेलहरा र छथरथुम धनकुटामा रही बाँकी आठराई र फेदाप, माङ्गरूप, पाँचथर, ताप्लेजुङ्ग, मेवाखोला, माईखोला, तमोरखोला, पाँचखपन, दशमझिया, चैनपुर, सभा उत्तर, संखुवा उत्तर गरी १३ (तेह्र) थुमको तिरो उठाउने गरी तेह्रथुम मालको स्थापना भएको पाईन्छ। वि.सं.२०१८ सालमा नेपाल अधिराज्यलाई ७५ जिल्लाहरूमा विभाजन गर्दा तेह्रथुम अन्तर्गत पर्ने क्षेत्रलाई ताप्लेजुङ्ग, पाँचथर, संखुवासभा र तेह्रथुम गरि ४ वटा जिल्लामा छुट्टाईएको थियो। १३ वटा थुम मध्ये यस जिल्लामा आठराई, फेदाप, माई खोला र धनकुटा जिल्लामा रहेको छथरथुमको पुर्वी भाग मात्रको क्षेत्रफल कायम रहेतापनि साविक माल उठाउने माल अड्डा यसै जिल्लाको क्षेत्रमा परेको हुँदा यो जिल्लाको नाम तेह्रथुम रहन गएको हो।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

(क) भौगोलिक अवस्था

| | | |
|---|---|---|
| पूर्व | - | पाँचथर जिल्ला (माझीटार, चुहानडाँडा) |
| पश्चिम | - | धनकुटा (चित्रे, टुटेदेउराली) |
| उत्तर | - | ताप्लेजुङ्ग र संखुवासभा (गुफापोखरी, मंगलबारे, चौकीबजार) |
| दक्षिण | - | धनकुटा र पाँचथर जिल्ला (हाक्पाराघाट) |

(ख) उचाईः ३२२ मि. देखी ३०३४ मि. सम्म

(ग) कुल क्षेत्रफलः ६७९ वर्ग कि.मि.

(घ) जनसंख्याः ८८७३१ जना (२०७८ को राष्ट्रिय जनगणना अनुसार)

(ङ) स्थानीय तहहरूः

- म्याङलुङ नगरपालिका
- लालीगुराँस नगरपालिका
- फेदाप गाउँपालिका
- आठराई गाउँपालिका
- छथर गाउँपालिका
- मेन्छयायेम गाउँपालिका

(च) निर्वाचन क्षेत्रः

- प्रतिनिधि सभा सदस्य-१
- प्रदेश सभा सदस्य-२

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

# भाग दुइ

## संस्थागत तथा जनशक्ति व्यवस्थापन

२. जिल्ला प्रशासन कार्यालयको संस्थागत क्षमता

| क्र.सं. | पद | दरबन्दी | पदपूर्ती | कैफियत |
|---|---|---|---|---|
| १. | प्र.जि.अ. (रा.प. द्वितीय) | १ | १ | |
| २. | स.प्र.जि.अ. (रा.प. तृतीय) | १ | १ | |
| ३. | नायब सुब्बा | ४ | २ | १ जना कारागार कार्यालय तेह्रथुमबाट काजमा लिइएको र १ जना कामु शाखा अधिकृतको जिम्मेवारीमा ईप्रका आठराई पठाईएको । |
| ४. | लेखापाल | १ | ० | कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लेखा सम्वन्धि कार्य हुने गरेको । |
| ५. | कम्प्यूटर अपरेटर | २ | २ | |
| ६. | विवरण दर्ता अपरेटर | १ | १ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण तर्फ |
| ७. | खरिदार | ४ | ४ | |
| ८. | विवरण दर्ता सहायक | १ | १ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण तर्फ |
| ९. | कार्यालय सहयोगी | ६ | ६ | करार ५ र स्थायी १ |
| १०. | हलुका सवारी चालक | १ | १ | |
| | जम्मा | २२ | १६ | |

**नोट:** ईलाका प्रशासन कार्यालय आठराईमा अधिकृत सरुवा भई नआएका कारण जिल्ला प्रशासन कार्यालयका ना.सु.महानन्द रिजाललाई का.मु.मुकरर गरी सेवा सूचारु गरिएको छ ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

३. शान्ति सुरक्षा व्यवस्थापनको मौजुदा संस्थागत क्षमता

(क) जिल्लामा तैनाथ रहेका सुरक्षा फौजको बिवरण

| क्रस. | स्थानीय तह | स्थान | सुरक्षा निकाय | | | |
|---|---|---|---|---|---|---|
| | | | नेपाली सेना | नेपाल प्रहरी | सशस्त्र प्रहरी | रा.अ. |
| १. | म्याङ्लुङ्ग नगरपालिका | म्याङ्लुङ्ग | १ गुल्म | १२७ | ० | ५ |
| | | जिरिखिम्ती | ० | ९ | ७० | ० |
| २. | लालिगुँरास नगरपालिका | बसन्तपुर | ० | ३९ | ० | १ |
| | | जिल्ला ट्राफिक | ० | ३ | ० | ० |
| | | लसुने | ० | ९ | ० | ० |
| | | चित्रे | ० | ८ | ० | ० |
| ३. | आठराई गाउँपालिका | सक्रान्ती | ० | ३५ | १७ | ० |
| | | छातेढुङ्गा | ० | ६ | ० | ० |
| | | चुहानडाँडा | ० | ७ | ० | ० |
| | | ह्वाकू | ० | ६ | ० | ० |
| ४. | फेदाप गाउँपालिका | पोक्लावाङ | ० | ७ | ० | ० |
| | | ओयाक्जुङ | ० | ७ | ० | ० |
| | | सम्दु | ० | ६ | ० | ० |
| ५. | छथर गाउँपालिका | शुक्रवारे | ० | १० | ० | ० |
| | | ओखे | ० | ६ | ० | ० |
| | | शनिश्चरे | ० | ५ | ० | ० |
| ६. | मेन्छयायेम गाउँपालिका | मोराहाङ | ० | ९ | ० | ० |
| | | | १ गुल्म | २९९ | ८७ | ६ |


मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

**(ख) आपराधिक अवस्था तुलनात्मक स्थिति**

| सि.नं. | मुद्दा | आ.व ०७८/७९ | आ.व ०७९/८० | आ.व ०८०/८१ |
|---|---|---|---|---|
| १ | सामाजिक अपराध (आत्महत्या, वहुविवाह लगायत) | ३८ | ४९ | ४४ |
| २ | जवर्जस्ती करणी (उद्योग समेत) | १८ | १४ | ११ |
| ३ | सार्वजानिक शान्ति विरुद्वको कसुर | १२ | १२ | १० |
| ४ | कर्तव्य ज्यान | २ | २ | ४ |
| ५ | ज्यान मार्ने उद्योग | २ | ५ | ३ |
| ६ | अन्य | ५४ | ४६ | ४४ |

**(ग) विपदजन्य घटना तथा क्षति विवरण**




मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

# भाग तीन

# पृष्ठभूमि, कार्यदिश तथा मूख्य जिम्मेवारी

## पृष्ठभूमि तथा कार्यदिश

स्थानीय प्रशासन ऐन, २०२८ अनुसार प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन तथा रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने गरी प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको व्यवस्था गरेको छ। साथै जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा कायम राख्ने, जिल्लाभित्रका नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन भएका विकास कार्यहरुमा सहयोग पुऱ्याउने, जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गराउने, प्रचलित कानूनले दिएको क्षेत्राधिकार भित्रका कसुरहरुमा अर्धन्यायिक निकायको रुपमा न्याय सम्पादन गर्ने साथै नेपाल सरकारले समय समयमा दिएका आदेश वा निर्देशन अनुसार अन्य कार्य गर्ने गरी प्रमुख जिल्ला अधिकारीको कार्यजिम्मेवारीलाई स्पष्ट किटान गरिएको छ। स्थानीय प्रशासन ऐन २०२८ का अतिरिक्त अन्य विषयगत कानूनहरुले जिल्लाको समग्र विपद् व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, भ्रष्टाचार नियन्त्रण लगायत विभिन्न संस्थागत तथा पदीय जिम्मेवारीहरु स्पष्ट गरिएका छन्। त्यस्तै गरी गृह सचिव र प्रमुख जिल्ला अधिकारी विच भएको कार्यसम्पादन करार सम्झौताले समेत प्रचलित कानूनमा उल्लेख भएका कार्यजिम्मेवारीका अलावा प्रमुख जिल्ला अधिकारीले सम्पादन गर्नुपर्ने वार्षिक कार्यहरुलाई निर्दिष्ट गरेको छ।

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४ अनुसार सबै सरकारी निकायले एक आर्थिक वर्ष अवधिभर सञ्चालन गरिएका कार्यक्रम, सम्पादन गरेका काम, र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य कुराहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी माथिल्लो निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त कार्यलाई गृह सचिव र प्रमुख जिल्ला अधिकारीविच भएको कार्यसम्पादन करार सम्झौताको एक सूचकको रुपमा समेत उल्लेख गरिएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय तेह्रथुमवाट आर्थिक वर्ष २०८०/८१ को अवधिभर सम्पादन गरेका क्रियाकलापहरु, उपलब्धी, समस्या तथा चुनौती एवम् भावी रणनीति लगायतका विषयहरु समावेश गरी वार्षिक प्रगति प्रतिवेदन २०८१ तयार गरि नेपाल सरकार गृह मन्त्रालय समक्ष पेश गरिएको छ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

## जिल्ला प्रशासन कार्यालय तेह्रथुमको मुख्य कार्यजिम्मेवारी

स्थानीय प्रशासन ऐन, २०२८ तथा अन्य प्रचलित विषयगत ऐन/ कानूनअनुसार जिल्ला प्रशासन कार्यालयको मुख्य मुख्य कार्यजिम्मेवारीलाई निम्नानुसार उल्लेख गरिएको छ।

- जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने सम्बन्धी कार्य,
- स्थानीय प्रशासन सञ्चालन सम्बन्धी कार्य,
- नेपाली नागरिकता प्रमाणपत्र/नावालक परिचयपत्र वितरण सम्बन्धी कार्य,
- राहदानी सम्बन्धी सेवा प्रदान सम्बन्धी कार्य,
- अर्धन्यायिक निकायको रुपमा रही प्रचलित कानून बमोजिम न्याय सम्पादन सम्बन्धी कार्य,
- आदिवासी जनजाती, दलित, अपांगताको सिफारिस सम्बन्धी कार्य,
- हातहतियार ईजाजत तथा नवीकरण सम्बन्धी कार्य,
- संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्य,
- विपद् व्यवस्थापन सम्बन्धी कार्य ,
- अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी कार्य,
- सुशासन/सार्वजानिक सेवा प्रवाह सम्बन्धी कार्य ,
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य,
- लागू औषध नियन्त्रण तथा अवैध घरेलु मदिरा नियन्त्रण सम्बन्धी कार्य,
- सरकारी कार्यालयहरुको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य,
- वाल कल्याण तथा वाल अधिकार सम्बन्धी कार्य,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्य,
- विस्फोटक पदार्थ सिफारिस र नियमन सम्बन्धी कार्य,
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन सम्बन्धी कार्य,
- कल्याण धन र बेवारिसे धनको व्यवस्थापन सम्बन्धी कार्य,
- चिठ्ठा, जुवा आदिको नियन्त्रण सम्बन्धी कार्य,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण सम्बन्धी कार्य,
- जिल्ला स्तरमा सार्वजनिक उत्सव सञ्चालन सम्बन्धी कार्य,
- मुआब्जा निर्धारण तथा वितरण सम्बन्धी कार्य,
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस सम्बन्धी कार्य,
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत सम्बन्धी कार्य,
- जिल्ला स्थित कारागारको अनुगमन, नियमन र नियन्त्रण सम्बन्धी कार्य,

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

- स्थानीय तहसंगको समन्वयमा जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण,अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन सम्बन्धी कार्य,
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण सम्बन्धी कार्य,
- जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग सम्बन्धी कार्य,
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण सम्बन्धी कार्य,
- विकास निर्माण कार्यमा सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने सम्बन्धी कार्य,।
- हिंस्रक जन्तु मार्ने सम्बन्धी कार्य,।
- सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने सम्बन्धी कार्य,।
- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन सम्बन्धी कार्य,
- नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित अन्य कार्यहरु।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

# भाग चार

## सम्पादित क्रियाकलाप र उपलब्धी

क. सम्पादित क्रियाकलापहरु तथा उपलब्धी

आर्थिक वर्ष २०८०/८१ अवधिभर जिल्ला प्रशासन कार्यालय तेह्रथुमबाट सम्पादित मुख्य क्रियाकलापहरु र सो को उपलब्धीलाई संख्यात्मक रुपमा निम्नानुसार उल्लेख गरिएको छ;

| सि. नं. | सम्पादन गरेको काम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता वितरण (नयाँ) | | |
| | क. वंशज | २७०१ | |
| | ख. बैवाहिक अंगीकृत | ०४ | |
| | ग. गैरआवासीय नेपाली | ०६ | |
| | घ. नागरिकता रद्द | ०४ | |
| | ङ. नागरिकता परित्याग | ०६ | |
| २ | नागरिकता वितरण (प्रतिलिपि) | १८८९ | |
| ३ | राहदानी | | |
| | क. सिफारिस | २९४० | |
| | ख. वितरण | १९२२ | |
| ४ | राष्ट्रिय परिचयपत्र विवरण दर्ता | ५५६५ | |
| ५ | राष्ट्रिय परिचयपत्र वितरण | ९३४ | |
| ६ | संघसंस्था | | |
| | क. दर्ता | १७ | |
| | ख. नवीकरण | ६३ | |
| ७ | मुद्दा | | |
| | क. दर्ता | १० | |
| | ख. फछ्र्यौट | १० | |
| ८ | जिल्ला सुरक्षा समितिको वैठक | ३२ | |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| सि. नं. | सम्पादन गरेको काम | परिमाण | कैफियत |
|---|---|---|---|
| ९ | जिल्ला विपद् व्यवस्थापन समितिको वैठक | ०८ | |
| १० | अन्तर जिल्ला सुरक्षा समन्वय वैठक | ०६ | संखुवासभा, धनकुटा, पाँचथर र ताप्लेजुङ्ग, भोजपुर |
| ११ | जिल्ला अनुगमन समितिको वैठक | ०४ | |
| १२ | विकास निर्माण सहजीकरण सम्बन्धी वैठक | ०५ | |
| १३ | कार्यालय प्रमुख वैठक | १२ | |
| १४ | सूचना अधिकारीहरुसंग वैठक सञ्चालन | ०४ | |
| १५ | जिल्ला प्रशासन कर्मचारी वैठक | १२ | |
| १६ | वजार अनुगमन | १२ | |
| १७ | कारागार अनुगमन | ०२ | |
| १८ | प्रहरी चौकीहरुको अनुगमन | १० | |
| १९ | गुनासो तथा उजुरी सुनुवाई | | |
| | क. अख्तियारबाट प्राप्त | ३१ | सबै फछ्यौंट भएका |
| | ख. कार्यालयमा सिधै प्राप्त | १३ | सबै फछ्यौंट भएका |
| २० | दलित, आदिवासी/जनजाती तथा अन्य सिफारिस | ३१५ | |
| २१ | पेन्सन पट्टाको लागि सिफारिस | ९२ | |
| २२ | हातहतियार ईजाजत नवीकरण | १६ | |
| २३ | विपद् राहत वितरण | रु. ६,४९,०००।- | |
| २४ | द्वन्द्व प्रभावितलाई वितरित राहत | रु. ४,२२,०००।- | |
| २५ | बैदेशिक रोजगार क्षतिपूर्ती वितरण | रु. ४४,७६,११६।७३ | |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

१. आर्थिक विवरण

वार्षिक वजेट

चालुः रु. १,३२,८६,०००।-

पूँजीगतः रु. १४,००,०००।-

विविधः रु. ९६८८१७४।८४

खर्च

चालुः रु. १,१८,४८,०६१।०५

पूँजीगतः रु. १३,९९,९२७।-

विविधः रु. ६१,९५,३२७।९४

धरौटी

आम्दानी

क. गत आर्थिक वर्षसम्मको धरौटी मौज्दात रु. २५,१२,५६५।६६

ख. यस आर्थिक वर्षमा प्राप्त भएको धरौटी रु. ६,९९,४४०।-

खर्च

क. यस आर्थिक वर्षमा फिर्ता भएको धरौटी रु. ५,७६०।-

ख. यस आर्थिक वर्षमा सदरस्याहा भएको धरौटी रु. १२,०००।-

ग. यस आर्थिक वर्षको अन्य फिर्ता भएको धरौटी रु. ५,२५,३३०।-

स्रेस्ता अनुसार बाँकीः रु. २६६८९१५।६६

२. आम्दानीः

| क्र.सं. | राजश्व शीर्षक | रकम (रु.) |
|---|---|---|
| १. | राहदानी | रु. १,२४,००,०००।- |
| २. | अन्य प्रशासनीक सेवा शुल्क | - |
| ३. | परीक्षा शुल्क | रु. ८,५००।- |
| ४. | प्रशासनीक दण्ड जरिवाना, जफत | रु. ३०,०००।- |
| ५. | कम्पनी रजिष्ट्रेशन दस्तुर | रु. ८२,३००।- |
| ६. | हातहतियार ईजाजतपत्र दस्तुर | रु. ४८,०००।- |
| ७. | कसुरजन्य सम्पत्ति | |
| | नेपाली रुपैयाँ | रु. ४,१७,६५१।- |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

१. **श्रीमान गृह सचिवज्यू र प्रमुख जिल्ला अधिकारीविच भएको कार्यसम्पादन करार सम्झौताको कार्यान्वयन अवस्थाः**

गृह सचिव र प्रमुख जिल्ला अधिकारीबीच भएको कार्यसम्पादन करार सम्झौता अन्तर्गत कूल ६९ वटा मुख्य कार्यक्रम र सो अन्तर्गत ।।। क्रियाकलापहरू सम्पादन गरिएको छ। यससम्वन्धी प्रगति तथा कार्यसम्पादन सम्वन्धी प्रमाण/कागजात सहित त्रैमासिक र वार्षिक रुपमा मन्त्रालयको CPAS प्रणालीमा प्रविष्टि गरिएको छ ।

**गृह सचिव र प्रमुख जिल्ला अधिकारीविच भएको कार्यसम्पादन करार सम्झौता अनुसार सम्पादन भएका कार्यहरु**

१. **शान्ति सुरक्षा तथा अपराध नियन्त्रण सम्बन्धी कार्यः** यस अन्तर्गत एकिकृत रणनैतिक सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन, अपराध न्यूनीकरण सम्वन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन, अवैध हातहतियार नियन्त्रण लगायत १४ कार्यक्रमका ५१ वटा क्रियाकलापहरु रहेका छन्। यी सबै कार्यक्रम प्रभावकारी रूपमा सम्पन्न भएका छन्।

२. **शासकीय प्रवन्ध सम्बन्धी कार्यः** जिल्ला प्रशासन सुधार कार्ययोजना तर्जुमा, गुनासो व्यवस्थापन, कार्यालय निरीक्षण, उपभोक्ता हित संरक्षण लगायत ३६ कार्यक्रमका १३७ वटा क्रियाकलापहरु रहेका छन्। यी सबै कार्यक्रम नतीजामूलक ढंगले सम्पन्न भएका छन्।

३. **लागू औषध नियन्त्रण सम्बन्धी कार्यः** लागु पदार्थ अवैध कारोवार तथा ओसारपसार विरुद्ध युवा लक्षित सचेतना कार्यक्रम सञ्चालन, कारोवारको सम्भाव्य क्षेत्र र प्रयोगको अवस्थाका आधारमा अन्य जिल्ला सँगको सीमा नाकाको निरीक्षण तथा अन्तर जिल्ला सुरक्षा समन्वय लगायत विभिन्न ५ कार्यक्रमका १० वटा क्रियाकलापहरु रहेका छन्। यी सबै क्रियाकलाप सम्पन्न भएका छन्।

४. **विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यः** यस अन्तर्गत DPRP तर्जुमा, DEOC र LEOC को प्रभावकारीता, पूर्वतयारी तथा प्रतिकार्य उपकरण व्यवस्थापन लगायत १० वटा कार्यक्रमका २१ वटा क्रियाकलापहरु रहेका छन्। यी सबै क्रियाकलाप यथासमयमा कार्यान्वयन/व्यवस्थापन गरिएको छ। साथै विपद् प्रतिकार्यको लागि QRT/IRT परिचालन योजना, २०८१ र विपद् व्यवस्थापन सम्बन्धी जिल्लामा सबै सरोकारवाला निकायबीच सूचना आदान-प्रदान र प्रतिकार्यको प्रभावकारीता बढाउन WhatsApp Group मार्फत सञ्जालीकरण गरिएको।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

५. मुआव्जा वितरण तथा विकास सहजीकरण सम्बन्धी कार्य : सार्वजनिक जग्गा संरक्षण सम्बन्धी प्रतिवेदन,आयोजनाहरुको शान्ति सुरक्षा व्यवस्थापन लगायत विभिन्न ०४ वटा कार्यक्रमका ८ वटा क्रियाकलापहरु रहेका छन्। यी सबै काम सम्पन्न भएका छन्। सरकारी/सार्वजनिक सम्पत्तीको संरक्षण सम्बन्धी पटक पटक सूचना प्रकाशन गरिएको, विकास आयोजना मूलतः रुग्ण आयोजनालाई अगाडी बढाउने सम्बन्धमा निरन्तर पहल गरिएको।

यस सम्वन्धी विस्तृत विस्तृत विवरण निम्नानुसार रहेको छः

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | शान्ति सुरक्षा तथा अपराध नियन्त्रण | | | |
| क | अपराध नक्सा सहितको एकीकृत रणनीतिक सुरक्षा योजना तर्जुमा | १ पटक | सम्पन्न | |
| ख | एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना तर्जुमा | १ पटक | सम्पन्न | |
| ग | जिल्ला सुरक्षा समितिको बैठक सञ्चालन | २४ पटक | सम्पन्न | जम्मा ३२ पटक बैठक बसिएको |
| घ | सुरक्षा निकायहरूको निरीक्षण (कार्यालय, इकाई, चौकी, बिओपी) | ४ पटक | सम्पन्न | |
| ङ | कारागार निरीक्षण | २ पटक | सम्पन्न | |
| च | बालगृह, असहाय आश्रम, वृद्धाश्रमको निरीक्षण | १ पटक | सम्पन्न | |
| छ | अवैध हातहतियार नियन्त्रण | १ पटक | सम्पन्न | |
| ज | महिला बालबालिका बिरूद्ध हुने अपराध नियन्त्रण | १ पटक | सम्पन्न | |
| झ | सबै स्थानीय तहमा अपराध न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | ४ पटक | सम्पन्न | |
| ञ | कुरीति विरुद्ध सरोकारवाला निकायसँगको साझेदारीमा कार्यक्रम सञ्चालन | १ पटक | सम्पन्न | |
| ट | राजमार्ग (सडक) मा हुने अवरोध हटाउन समूह/रोष्टर निर्माण तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन | १ पटक | सम्पन्न | |
| ठ | राजमार्गमा हुने अवरोध हटाउन समितिको बैठक सञ्चालन, अवरोध हटाउने | ४ पटक | सम्पन्न | |
| ड | अन्तर जिल्ला समन्वय बैठक | १ पटक | सम्पन्न | |
| ढ | दैनिक प्रतिवेदन प्रणाली (DRS) सञ्चालन | ४ पटक | सम्पन्न | |
| २. | शासकीय प्रबन्ध | | | |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| क.सं. | क्रियाकलापहरू | लक्ष्य | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| क | वार्षिक कार्य योजना तर्जुमा र कार्यान्वयन/प्रतिवेदन | १ पटक | सम्पन्न | |
| ख | मातहतका कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता, मूल्याङ्कन र प्रतिवेदन | १ पटक | सम्पन्न | |
| ग | द्वन्द्व पीडितहरूको नामावली र प्राप्त गरेको राहतको विवरण अद्यावधिक गरी विभिन्न राहत तथा भत्ता वितरण | २ पटक | सम्पन्न | |
| घ | दर्ता भएका मुद्दाहरूको फछ्र्यौट | ४ पटक | सम्पन्न | |
| ङ | अघिल्लो आ.व.बाट जिम्मेवारी सरेका मुद्दाको फछ्र्यौट | ४ पटक | सम्पन्न | |
| च | कर्मचारी बैठक सञ्चालन | ४ पटक | सम्पन्न | |
| छ | नागरिकता सम्बन्धी उजुरीको फछ्र्यौट | ४ पटक | सम्पन्न | |
| ज | CIMS को त्रुटी सच्याउने | ४ पटक | सम्पन्न | |
| झ | कार्यालयमा सिधै या नियामक निकाय मार्फत प्राप्त उजुरीहरूको फछ्र्यौट | ४ पटक | सम्पन्न | |
| ञ | अनुचित लेनदेन मिटरब्याज, वैदेशिक रोजगार, सवारी दुर्घटना विमा/क्षतिपूर्ति सम्बन्धी उजुरीको फछ्र्यौट | ४ पटक | सम्पन्न | |
| ट | जिल्ला स्थित कार्यालय प्रमुखहरूसँग बैठक | १२ पटक | सम्पन्न | |
| ठ | जिल्लास्थित सरकारी कार्यालयको निरीक्षण | ४ पटक | सम्पन्न | |
| ड | नागरिक सहायता कक्ष सञ्चालन | १ पटक | सम्पन्न | |
| ढ | स्वतः प्रकाशन गर्नुपर्ने सूचना (Proactive Disclosure) प्रकाशन | ४ पटक | सम्पन्न | |
| ण | सूचना अधिकारीसँग बैठक | ४ पटक | सम्पन्न | |
| त | उपभोक्ता हित विपरीतका गतिविधि नियन्त्रण र न्यूनीकरणका लागि बजार अनुगमन र उपभोक्ता हित विपरीतका कार्यहरु सम्बन्धी उजुरीहरुको फछ्र्यौट | ४ पटक | सम्पन्न | |
| थ | संस्था दर्ता ऐन अनुसार दर्ता र सञ्चालनमा रहेका संस्थाहरुको प्रोफाइल तयारी | १ पटक | सम्पन्न | |
| द | संघ संस्थाको अनुगमन | २४ पटक | सम्पन्न | |
| ध | सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी जिल्लागत लगत तयारी र अद्यावधिक | १ पटक | सम्पन्न | |
| न | सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी उजुरी एवं गुनासो फछ्र्यौट | ४ पटक | सम्पन्न | |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| प | गृह मन्त्रालय मातहतका जिल्लास्थित सबै सरकारी कार्यालयको भौतिक स्रोत साधन (जग्गा, भवन, सवारी साधन लगायत) हरुको प्रोफाइल तयारी | १ पटक | सम्पन्न | |
| फ | राजनीतिक दलसँग समन्वय बैठक | ४ पटक | सम्पन्न | |
| ब | कार्यालयको नागरिकता, नाबालक परिचयपत्र लगायत अभिलेख डिजिटाईजेशन | ४ पटक | सम्पन्न | |
| भ | कार्यालयको सौन्दर्य व्यवस्थापन | १ पटक | सम्पन्न | |
| म | नवप्रवर्तनात्मक कार्य | १ पटक | सम्पन्न | |
| य | बेरुजु फछ्र्यौट, बक्यौता बेरुजु फर्छ्यौंट | १ पटक | सम्पन्न | |
| र | कसुरजन्य सम्पत्तिको जिल्ला स्तरीय मूल्याङ्कन समितिको बैठक सञ्चालन | ४ पटक | सम्पन्न | |
| ल | कसुरजन्य सम्पत्तिको अभिलेख व्यवस्थापन/विवरण अद्यावधिक, लिलाम सम्बन्धी | २ पटक | सम्पन्न | |
| व | PAMS अनुसार जिन्सी प्रविष्टी, अनुगमन र निरीक्षण | १ पटक | सम्पन्न | |
| श | RIMS अनुसार राजस्वको अद्यावधिक अभिलेखन | ४ पटक | सम्पन्न | |
| ष | धरौटी अभिलेख व्यवस्थापन | ४ पटक | सम्पन्न | |
| स | विविध खाताको एकीकृत विवरण | १ पटक | सम्पन्न | |
| ह | पुँजीगत खर्चको वित्तीय प्रगती | ४ पटक | सम्पन्न | |
| क्ष | पुँजीगत खर्चको भौतिक प्रगति | ४ पटक | सम्पन्न | |
| त्र | लिलाम बिक्री | १ पटक | सम्पन्न | |
| ज्ञ | सवारी साधनको विमा र नवीकरण | १ पटक | सम्पन्न | |
| ३. | लागु औषध नियन्त्रण | | | |
| क | विद्यालय, क्याम्पस, युवा क्लबमा युवा लक्षित सचेतना कार्यक्रम सञ्चालन | १ पटक | सम्पन्न | |
| ख | लागु औषध कारोबार र प्रयोगको सम्भाव्य क्षेत्र तथा सीमा नाकामा निरीक्षण र अनुगमन | ४ पटक | सम्पन्न | |
| ग | लागु औषध नियन्त्रणका लागि सुरक्षा निकाय र सरोकारवाला निकायसँग समन्वय | १ पटक | सम्पन्न | |
| घ | सुरक्षा निकाय, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन | २ पटक | सम्पन्न | |
| ङ | उपचार र पुनर्स्थापना केन्द्रहरूको अनुगमन | २ पटक | सम्पन्न | |
| ४. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | | | |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| क.सं. | क्रियाकलापहरू | लक्ष्य | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| क | जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक सञ्चालन | ४ पटक | सम्पन्न | |
| ख | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) अद्यावधिक | १ पटक | सम्पन्न | |
| ग | मनसुन, शीत लहर, आगलागी, चट्याङ, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्य योजना अद्यावधिक गरी कार्यान्वयन | १ पटक | सम्पन्न | |
| घ | सबै स्थानीय तह समेटिने गरी उपलब्ध उपकरण सहितको QRT/IRT को परिचालन योजना तयारी | १ पटक | सम्पन्न | |
| ङ | स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वयमा विपद् सम्बन्धी प्रतिवेदन | २ पटक | सम्पन्न | |
| च | विपद्को समयमा उद्दार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यवहारिक अभ्यास सञ्चालन | १ पटक | सम्पन्न | |
| छ | विपद् भएको समयमा उद्धार र राहत वितरण | ४ पटक | सम्पन्न | |
| ज | जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशिल सरकारी, गैरसरकारी निकायसँग समन्वय बैठक | २ पटक | सम्पन्न | |
| झ | DEOC र LEOC चलायमान बनाउन समन्वय बैठक सञ्चालन | ४ पटक | सम्पन्न | |
| ञ | विपद् व्यवस्थापन प्रयोजनका लागि खुला क्षेत्र र सामग्रीको अभिलेखन | १ पटक | सम्पन्न | |
| ५. | मुआब्जा वितरण तथा विकास सहजीकरण | | | |
| क | जग्गा प्राप्ति, मुआब्जा वितरण, लिज र उपयोग सम्बन्धी कार्य तथा प्रतिवेदन | २ पटक | सम्पन्न | |
| ख | सार्वजनिक जग्गा संरक्षण सम्बन्धी प्रतिवेदन | १ पटक | सम्पन्न | |
| ग | जिल्ला दररेट समितिको बैठक सञ्चालन | १ पटक | सम्पन्न | |
| घ | विकास आयोजनाको अनुगमन, शान्ति सुरक्षा व्यवस्थापन | ४ पटक | सम्पन्न | |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

अन्य क्रियाकलापहरु

क. **आठराई गांउपालिका वडा न. ३ ह्वाकूमा अस्थायी प्रहरी पोष्ट स्थापना :** ह्वाकू क्षेत्र ताप्लेजुङ, पांचथर र तेह्रथुम जिल्लाको सिमाक्षेत्रमा रहेको, हाल आठराई ईलाका प्रहरी कार्यालयवाट टाढा रहेको र वर्षातको समयमा सवारी साधन समेत सञ्चालन गर्न कठिनाई भएका कारण गृह मन्त्रालयसंग समेतको समन्वयमा प्रहरी प्रधान कार्यालयबाट अस्थायी प्रहरी पोष्ट स्थापनाको लागि अनुमति प्राप्त भए अनुसार मिति २०८० फाल्गुन १९ गते बाट सेवा शुभारम्भ गरिएको छ ।चौकीको लागि आवश्यक भवन लगायतका पूर्वाधार तथा अन्य व्यवस्थापकीय कार्य आठराई गांउपालिकाबाट भईरहेको अवस्था छ ।

ख. **आपतकालीन कार्यसञ्चालन केन्द्रका लागि विपद प्रतिकार्य सामाग्री राख्न गर्न भण्डारण गृह (Ware House ) निर्माण तथा प्रतिकार्य सामाग्री व्यवस्थापन :**आगलागी तथा अन्य विपद प्रतिकार्यको लागि आवश्यक प्रतिकार्य सामाग्री भण्डारण गर्न Ware House निर्माण गरिएको छ । Ware House मा हाल करिव ५० लाख वरावरका सामाग्रीहरु रहेका छन् । उक्त सवै सामाग्रीहरु NDRRMA संग समन्वय गरी प्राप्त भएका हुन ।आगलागी नियन्त्रणका लागि १०० थान Fire Fighting Ball समेत डिभिजन वन कार्यालयमा प्राप्त गरिएको छ ।

ग. **जिल्ला प्रशासन कार्यालयमा रहेको पोखरीलाई आगलागीजन्य विपद प्रतिकार्यको लागि उपयोग गर्ने गरी Fire Fighting Pump सञ्चालन :** जिल्ला प्रशासन कार्यालयको हातामा रहेको पोखरीमा फोहरा राखी सौन्यदर्यीकरणको साथै आगलागी जन्य विपद प्रतिकार्यमा उपयोग गर्ने गरी व्यवस्था मिलाईएको छ । NDRRMA संगको सहयोगमा प्राप्त Fire Fighting Pump मार्फत आपसासका करिव १ किलोमिटरसम्मको क्षेत्रमा आगलागी भएमा तत्काल प्रतिकार्य गर्न सकिने गरी तयारी गरिएको छ । यस सम्वन्धमा Simulation समेत भैसकेको छ ।

घ. **विपद प्रतिकार्यमा स्थानीय सामाग्री प्रयोग गर्ने सीप विकास सम्वन्धी सबै स्थानीय तहमा क्षमता विकास कार्यक्रम सञ्चालन :** विपद प्रतिकार्यको First Responder भनेको स्थानीय जनता नै हुन । तसर्थ विपद प्रतिकार्यका स्थानीय नागरिकको क्षमता विकास गर्न विपद संवेदनशील ०४ वटा स्थानीय तहमा (लालीगुरास र मेन्छ्यायम वाहेक) क्षमता विकास कार्यक्रम सञ्चालन भएको छ । जसमा स्थानीय विपद व्यवस्थापन समितिका पदाधिकारीहरु, सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरु, राजनैतिक दल,

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

विद्यार्थी, NCC लगायतका सरोकारवालाहरुको उपस्थितिमा विपद व्यवस्थापन सम्वन्धी मौजुदा संयन्त्र, राहत तथा उद्धार मापदण्ड, घरायसी सामाग्री प्रयोग गरी प्रतिकार्य सामाग्री वनाउन सकिने उपायहरुका वारेमा २ दिने कार्यशाला मार्फत क्षमता विकास गरिएको छ। साथै आगलागीजन्य विपद प्रतिकार्य सम्वन्धी Simulation समेत गरिएको छ ।

ङ. **नागरिकता र पञ्जीकरण सम्वन्धी** अस्पष्टता तथा जिज्ञाशाहरु समाधान गर्न सबै स्थानीय तहमा जनप्रतिनिधि र पञ्जिकाधिकारीहरुसंग अन्तर्क्रिया गरी जिल्लाभर एकरुपताकासाथ सेवा सञ्चालन गर्ने अवस्था सिर्जना गरिएको छ ।

च. **जिल्ला प्रशासन सुधार कार्ययोजना २०८० तर्जुमा र कार्यान्वयन:** जिल्लाको समग्र सेवा प्रवाह तथा जिल्ला प्रशासन कार्यालयको कार्यजिम्मेवारीलाई व्यावसायिक रुपमा सम्पादन गर्नका लागि श्रीमान् सचिवज्यू र प्रमुख जिल्ला अधिकारी विच भएको कार्यसम्पादन करार सम्झौतामा भएका व्यवस्थाहरुका अतिरिक्त जिल्लागत वस्तुस्थिति समेतको आधारमा सम्पादन गर्नुपर्ने क्रियाकलापहरु सहितको जिलाला प्रशासन सुधार कार्ययोजना २०८० तर्जुमा भई सोही अनुसार सम्पादन भैरहेको छ ।

छ. **Hotline सेवा सञ्चालन:** जिल्लाभित्र सञ्चालित सबै सार्वजनिक निकायहरु (स्थानीय तह समेत) बाट सेवा प्रवाहका क्रममा हुनसक्ने अनियमितता तथा नागरिकहरुले गर्ने गुनासो उपर तत्काल सुनुवाई गर्ने उद्वेश्यले २४ सै घण्टा सञ्चालन हुने गरी ९८५२०२३५६६ मा Hotline सेवा सञ्चालन गरिएको छ ।यसमा प्राप्त गुनासोहरुको अभिलेखीकरण DEOC मा रहने प्रहरी कर्मचारीहरुवाट गर्ने व्यवस्था मिलाईएको छ । Hotline मा प्राप्त गुनासोहरुको गाम्भिर्यताका आधारमा तत्कालै वा कार्यालय समयमा समाधान गर्ने र सो को जानकारी समेत गुनासोकर्तालाई गर्ने गरी सो सेवा जारी रहेको छ ।

ज. **सवै सार्वजनिक कार्यालयहरुमा एकैपटक सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरी नतिजा सार्वजनिकरण तथा आन्तरिकिकरण:** २०८० भाद्र १ देखी ८ गतेसम्म एक हप्ता अवधिभर जिल्लाका सबै सरकारी कार्यालयमा आउने सेवाग्राहीहरुलाई फारम भर्न लगाई सेवा प्रवाह अवस्था पहिचान गरिएको छ ।सेवाग्राहीको पृष्ठपोषण अनुसार तयार गरिएको सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन निजामति सेवा दिवस २०८० को अवसरमा भाद्र २२ गते सार्वजनिक गरी सेवाग्राहीको पृष्ठपोषण अनुसार नै सेवा प्रवाहमा सुधार गर्ने विषयमा सबै कार्यालयको प्रतिवद्धता समेत लिईएको छ । विस्तृत प्रतिवेदन कार्यालयको वेभ साईटमा समेत राखिएको छ ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

झ. **ईलाका प्रशासन कार्यालय आठराईवाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता सुरुवात :**२०८० श्रावण १ गतेवाट ईलाका प्रशासन कार्यालयबाट समेत राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्ने सेवा सुरुवात गरिएको छ ।

ञ. **सबै सरकारी कार्यालयको जग्गा भवन तथा सवारी साधनहरुको एकिकृत अभिलेखिकरण:** जिल्लास्थित सबै सार्वजनिक निकायहरुको (स्थानीय तह समेत) स्वामित्वमा रहेका जग्गा, भवन तथा सवारी साधनहरुको अद्यावधिक विवरण तयार गरिएको छ ।विस्तृत प्रोफाईल कार्यालयको वेभ साईटमा समेत राखिएको छ ।

ट. **सरकारी तथा सार्वजनिक जग्गाहरुको अभिलेखीकरण :** मालपोत तथा नापी कार्यालयसंगको समन्वयमा जिल्लाभित्र रहेका सबै सरकारी तथा सार्वजनिक जग्गाहरुको वर्गिकृत विवरण सहितको एकिकृत प्रोफाइल तयार गरिएको छ । सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने दायित्व स्थानीय तहको समेत भएकोले सम्वन्धित स्थानीय तहहरुलाई समेत आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाहरुको वारेमा जानकारी गराई सो संरक्षणका लागि अनुरोध गरिएको छ ।

ठ. **तेह्रथुम जिल्लाको राजनैतिक विभाजन झल्कने गरी सवै स्थानीय तहको स्तम्भ निर्माण :** शहरी विकास डिभिजन धनकुटासंगको समन्वयमा सवै स्थानीय तहको पहिचान हुने गरी स्तम्भ निर्माण गरिएको छ ।

ड. **कार्यालयमा CCTV जडान :** चालु आर्थिक वर्षको कार्यक्रममा उल्लेखित मेसीनरी औजार शिर्षकबाट कार्यालयको आवश्यकतानुसार ६ वटा क्यामेरा सहितको CCTV जडान गरिएको छ । पछि आवश्यकतानुसार क्यामेरा थप गर्न सकिने गरी व्यवस्था गरिएको छ ।

ढ. **विकास निर्माण सम्वन्धी अन्तरक्रिया सञ्चालन:** यस जिल्लामा संघ तथा प्रदेश सरकार अन्तर्गत १५५ वटा विकास आयोजनहरु सञ्चालनमा रहेका छन् उक्त आयोजनाहरुको विस्तृत अभिलेख तयार गरिएको छ । जसमध्ये २६ वटा आयोजनाहरुको कार्यसम्पादन अवस्था सन्तोषजनक छैन । तसर्थ यस जिल्लामा सञ्चालित विकास आयोजनाहरुको अवस्था, समस्या/चुनौति र भावी रणनीति २०८० फाल्गुन २८ गते अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रममा प्रदेश सांसदहरु, स्थानीय तहका प्रमुखहरु, राजनैतिक दलका प्रमुखहरु, आयोजना कार्यालय प्रमुखहरु लगायतको उपस्थिति रहेको र आगामी दिनमा विकास निर्माण कार्यहरुलाई समयमानै सम्पन्न गर्ने

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

गराउने कार्यमा विभिन्न रणनीतिहरु तर्जुमा गरिएको छ । विस्तृत प्रतिवेदन कार्यालयको वेभ साईडमा समेत राखिएको छ ।

ण. **योजना तर्जुमा तथा कार्यान्वयन**: आर्थिक वर्ष २०८०/८१ मा निम्नानुसार योजनाहरु तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ;

क. एकिकृत रणनैतिक सुरक्षा योजना २०८०

ख. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP),२०८०

ग. राजमार्ग सुरक्षा कार्ययोजना,२०८०

घ. सरकारी सवारी साधन सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

ङ. विपद् प्रतिकार्य आपतकालीन कार्ययोजना, २०८०

च. चाडपर्व लक्षित सुरक्षा योजना, २०८०

त. **प्रहरी चौकीहरुको विस्तार**: यस अवधिमा निम्नानुसार स्थानहरुमा अस्थायी प्रहरी चौकी तथा अस्थायी ट्राफिक प्रहरी पोष्ट स्थापना तथा परिचालन गरिएको छ।

क. अस्थायी ट्राफिक प्रहरी पोष्ट शुक्रवारे,छथर

ख. अस्थायी ट्राफिक प्रहरी पोष्ट, संक्रान्तिवजार,आठराई

ग. अस्थायी प्रहरी चौकी ह्वाकु

थ. **मानवीय सहायता स्थल (HSA) सञ्चालन**: लालीगुरास नगरपालिकासंगको समन्वयमा जग्गा प्राप्त गरी लालिगुरास नगरपालिका स्थित वसन्तपुरमा नेपाल सरकार गृह मन्त्रालय र अन्य साझेदार निकायहरुबाट Mega disaster को समयमा तत्कालीन पुनर्स्थापनाका लागि आवश्यक पर्ने सामाग्रीहरु सहितको HSA स्थापना भएको छ।

## समस्या तथा चुनौती

१. शान्ति सुरक्षा र अपराध नियन्त्रण

- भौगोलिक विकटता र सुरक्षा उपस्थिति व्यवस्थापन, (ताप्लेजुङ र संखुवासभाको पूर्वी उत्तर क्षेत्र)
- कोशी प्रदेश नामाकरणको विषयमा आन्दोलनरत पक्षका गतिविधिहरु व्यवस्थापन
- लघुवित्त तथा बैङ्किङ संस्थाहरुप्रति असन्तुष्ट पक्षहरुको व्यवस्थापन,
- आत्महत्याका घटना न्यूनीकरण,
- घरेलु हतियार(भरुवा वन्दूक) र यसको सामाजिक संस्कारमा उपयोगको व्यवस्थापन।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

२. विपद व्यवस्थापन

- आगलागीजन्य घटनाहरुको न्यूनीकरणको लागि प्रतिकार्य सामाग्री व्यवस्थापन,
- मानवीय सहायता स्थलको सुदृढीकरण,
- DEOC स्थापना तथा सामाग्री व्यवस्थापन,
- LEOC को सक्रियता र विपद व्यवस्थापनमा स्थानीय तहको चासो अभिवृद्धि गराउनु।

३. विकास निर्माण समन्वय/सहजीकरण

- रुग्ण विकास आयोजनाहरुको व्यवस्थापन,
- विकास आयोजनाको ठिलासुस्ती प्रति जनताको आक्रोश व्यवस्थापन।

४. सार्वजनिक सेवा प्रवाह

- सेवाग्राहीहरुको पीरमर्का तथा गुनासो सुन्ने संयन्त्रको प्रभावकारीता,
- Online सेवा प्रवाह प्रति सेवाग्राहीको अपेक्षा र सार्वजनिक निकायको क्षमता व्यवस्थापन।
- नागरिकता लगायतका डकुमेन्टमा सेवाग्राहीले गर्ने केरमेट तथा विगतको अव्यवस्थित अभिलेख प्रणाली

५. अर्धन्यायिक कार्यसम्पादन

- अर्धन्यायिक निकायमा कार्यरत सम्वन्धित कर्मचारीको क्षमता विकास र न्यायिक प्रक्रियामा कानून तथा न्यायको मान्य सिद्धान्त र Due Process अवलम्वन

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

# भाग पाँच

# भावी रणनीति

भावी रणनीति

जिल्ला प्रशासन कार्यालयको कार्यसम्पादनको क्रममा भोगिएका समस्या तथा चुनौतीहरुको व्यवस्थापनको लागि आगामी दिनमा निम्नानुसारका रणनीतिहरु अवलम्वन गर्नु जरुरी देखिन्छ;

१. शान्ति सुव्यवस्था र सुरक्षा

- **प्रहरी चौकीहरुको स्थापना तथा स्थानान्तरण:** जिल्लाको सवै क्षेत्र/भुगोलमा सुरक्षाकर्मीहरुको उपस्थितिका लागि विद्यमान नेपाल प्रहरीका चौकीहरुको स्थानान्तरण गर्नु आवश्यक रहेको छ। विशेषतः लालीगुराँस नगरपालिका अन्तर्गत वडा नं. ६ मंगलवारे क्षेत्र र मेन्छयायेम गाँउपालिका अन्तर्गत पौठाक क्षेत्रमा प्रहरी चौकीको आवश्यकता रहेको विषयमा स्थानीय तहबाट समेत अनुरोध भई आएको र स्थलगत वस्तुस्थितिको विश्लेषण गर्दासमेत उक्त स्थानहरुमा प्रहरी चौकीहरुको आवश्यकता रहेको देखिएकोले प्रहरी चौकीहरुको स्थापना तथा स्थानान्तरणका लागि आवश्यक समन्वय / पहल गरिनेछ।

- **आत्महत्याका घटना न्यूनीकरण:** पछिल्लो समय जिल्लामा आत्महत्याका घटना वढ्दै गएको। आर्थिक वर्ष २०८०/८१ अवधिभरमा जम्मा ३२ जना मानिसहरुले आत्महत्या गरी ज्यान गुमाएको अवस्थालाई मध्यनजर गरी आत्महत्याका घटनाहरु न्यूनीकरण गर्नु अत्यावश्यक देखिन्छ। जसका लागि माध्यमिक तहको सामाजिक विषय अध्यापन गर्ने शिक्षक, स्थानीय स्वास्थ्यकर्मी तथा प्रहरीहरुको लागि Mental Health & Psychosocial Counseling सम्बन्धी तालिम सञ्चालन गर्ने र विद्यालयस्तरीय गतिविधिहरुमा यस विषयलाई आन्तरिकिकरण गराई आम नागरिकसम्म यस विषयको जानकारी गराईनेछ।

- **School Outreach Program:** स्थानीय स्तरमा घट्ने आपराधिक गतिविधिहरुको Nature, Trend and Tendency को पहिचान तथा विश्लेषण गरी स्थानीयस्तरमा घट्ने घटनाहरुको न्यूनीकरणका लागि प्रहरी चौकीहरुबाट विद्यालयहरुको संगको सहकार्यमा समुदाय सचेतीकणका लागि समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई थप प्रभावकारी वनाईनेछ।

- **शान्ति सुरक्षा र अपराध नियन्त्रणमा स्थानीय तहको जिम्मेवारी** : आफ्नो स्थानीय तहभित्र घट्ने आपराधिक घटनाहरुको न्यूनीकरणका लागि समुदाय सचेतीकरण, निष्पक्ष अनुसन्धानमा



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

सहजीकरण, शान्ति सुरक्षामा असर नपर्ने गरी स्थानीय तहबाट प्रशासनिक तथा विकासात्मक गतिविधिहरु सञ्चालन, प्रहरी चौकीहरुलाई सहयोग लगायतका विषयमा स्थानीय तहको साथ र सहयोगका लागि स्थानीय तहहरुलाई जिम्मेवार वनाईनुपर्ने। यसका लागि शान्ति सुरक्षा र अपराध नियन्त्रणमा स्थानीय तहको भूमिका विषयमा अन्तरक्रिया सञ्चालन गरिनेछ।

- **प्रविधिमैत्री शान्ति सुरक्षा व्यवस्थापनः** सहरी क्षेत्रहरूमा सि.सि क्यामरा जडान गर्ने व्यवस्था मिलाई अपराध न्यूनीकणलाई थप प्रभावकारी बनाइनेछ।

२. विपद व्यवस्थापन

- **DEOC सुदृढीकरण** : तेह्रथुम जिल्ला मुख्यत आगलागीजन्य विपदको दृष्टिले अत्यन्तै जोखिमयुक्त जिल्ला हो। आगलागीका कारण वर्षेशी ठुलो धनजनको क्षति हुने गरेको छ। साथै मनसुनजन्य प्रकोप जोखिम समेत रहेको छ। यसर्थ यस जिल्लामा देखा पर्ने सबै प्रकारका विपद जोखिमको लागि प्रतिकार्य गर्न सक्ने गरी न्यूनतम सामाग्री/उपकरण सहितको ware house स्थापना गरिएको छ। यसमा आवश्यकतानुसारका सामग्री थप गर्दै लगिनेछ ।
- **आगलागी जन्य विपद जोखिम न्यूनीकरण**: यस जिल्लामा आगलागीको जोखिम उच्च रहेकोले यसको प्रतिकार्यको लागि विशेष पूर्वतयारी गर्नुपर्ने अवस्था छ। यसका लागिसबै सरकारी कार्यालयहरुमा कम्तिमा १/१ वटा Fire Extinguisher राख्ने र जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा रहेको पोखरीलाई आगलागीजन्य विपद व्यवस्थापनको रुपमा उपयोग गर्ने गरी Portable Fire Fighting Pump तथा अन्य Fire Fighting Equipment खरिद/सहयोग प्राप्त गरी उपयोग गरिनेछ।
- **LEOC को प्रभावकारीता** : विपदको समयमा स्थानीय तहको सक्रियता आवश्यक छ। तसर्थ स्थानीय विपद व्यवस्थापन समिति मार्फत स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन र यसको प्रभावकारीताको लागि स्थानीय तहहरुलाई विशेष गम्भीर वनाउनुपर्ने छ। LEOC बाट कार्यसञ्चालनमा सहजीकरणका लागि स्थानीय तहसंग समन्वय गरिन्छ । साथै DEOC बाट प्राविधिक सहायता समेत उपलब्ध गराईनेछ।
- **सचेतना अभिवृद्धिः** यो जिल्ला आगलागीका दृष्टिले अत्यन्तै जोखिमपूर्ण रहेको छ । आगलागि लगायत विपदका अन्य घटनालाई विश्लेषण गर्दा स्थानीय नागरिकहरुलाई विपदको समयमा कसरी प्रतिकार्य गर्ने भन्ने ज्ञान/सीप उपलब्ध गराउनुपर्ने अवस्था देखिन्छ। तसर्थ यस जिल्लामा देखापर्ने आगलागी तथा अन्य विपद जोखिमका क्रममा कसरी पूर्वतयारी गर्ने र

कसरी प्रतिकार्य गर्ने भन्ने सम्वन्धमा वडास्तरीय अभिमुखिकरण कार्यक्रम र DEOC बाट सो सम्वन्धमा स्थानीय स्तरमै गएर Simulation/Drill गरिनेछ।

३. विकास निर्माण समन्वय र सहजीकरण

- **रुग्ण विकास आयोजनाको प्रोफाईल तयारी/अध्यावधिक:** तेह्रथुम जिल्लामा सञ्चालित विकास आयोजनाहरुलाई तोकिएको समयमानै सम्पन्न गर्ने गराउने कार्यमा जिल्ला प्रशासन कार्यालयबाट निरन्तर समन्वय र सहजीकरण गर्नुपर्ने अवस्था छ। जसका लागि यस जिल्लामा हाल सञ्चालन भैरहेका सबै विकास आयोजनाहरुको विस्तृत प्रोफाईल तयार/अध्यावधिक गर्नुपर्ने र सो को विश्लेषणका आधारमा निर्माण कार्य सन्तोषजनक नभएका वा रुग्ण विकास आयोजनाहरुको पहिचान गरि आयोजनागत रुपमा कारण पत्ता लगाई सोही अनुसार रणनीति तर्जुमा, निकायगत समन्वय र सहजीकरण गरी त्यस्ता रुग्ण आयोजनाहरु सम्पन्न गराइनेछ।

- **रुग्ण विकास आयोजना सम्वद्व सरोकारवालहरुविच अन्तरक्रिया** : रुग्ण विकास आयोजनाको अवस्था पहिचान पश्चात निर्माण कार्यलाई सम्पन्न गर्ने गराउने सम्वन्धमा सबै जनप्रतिनिधि,आयोजना कार्यालय,निर्माण व्यावसायी तथा अन्य सरोकारवाला व्यक्ति तथा निकायहरुको उपस्थितिमा वृहत अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी निर्माण कार्यको निरन्तरताका लागि साझा प्रतिवद्वता लिनुपर्ने र सोही अनुसार नियमित तथा आकस्मिक रुपमा अनुगमन गरिनेछ।

४. वस्तु तथा सेवाको सहज आपूर्ति व्यवस्थापन

- **नियमित तथा आकस्मिक वजार अनुगमन** :जिल्लाका सबै भौगोलिक क्षेत्र र वस्तु तथा सेवाको नियमित एवम् आकस्मिक अनुगमन गर्ने गरी एकिकृत वजार अनुगमन योजना तर्जुमा गरी अनुगमन भइरहेको छ। यस कार्यमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरे अनुसार स्थानीय तहलाई समेत जिम्मेवार वनाउनुपर्ने। साथै औषधिजन्य व्यावसाय तथा नीजि अस्पतालबाट प्रवाह हुने सेवाहरुको सन्दर्भमा औषधि व्यवस्था विभाग, शाखा कार्यालय विराटनगरसंगको समन्वयमा अनुगमन गरिनेछ। व्यावसायिक नैतिकताका लागि उद्योग वाणिज्य महासंघसंग सहकार्य गरिनेछ।

- **राजमार्ग अवरोध हुन नदिन विशिष्टिकृत कार्ययोजना कार्यान्वयन** : धरान-धनकुटा-म्याङलुङ सडक खण्डमा हुनसक्ने प्राकृतिक तथा मानव सिर्जित अवरोधहरुलाई तत्काल हटाई निर्वाध आवागमन तथा मालवस्तुको ढुवानीको लागि स्थानीय तहसंगको समन्वयमा सबै सुरक्षा निकायहरु तथा सडक डिभिजन धनकुटाको परिचालन गरिनेछ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

५. सार्वजनिक सेवा प्रवाह

- **जिल्ला प्रशासन सुधार कार्ययोजनाको कार्यान्वयनः** जिल्लास्थित सबै सकरारी कार्यालयहरु तथा जिल्ला प्रशासन कार्यालयकवाट सम्पादन गरिनुपर्ने कार्यजिम्मेवारीहरु व्यवस्थित र प्रभावकारी वनाउनका लागि जिल्ला प्रशासन सुधार कार्ययोजना २०८१ को समयानुकुल परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

- **Hotline सेवा सञ्चालनः** तेह्रथुम जिल्लामा सञ्चालित सबै सार्वजनिक निकायहरुवाट प्रवाह हुने सेवाहरुका सम्वन्धमा सरल र सहज रुपमा गुनासो गर्ने र जनमैत्री सेवा प्रवाहका लागि पृष्ठपोषण प्राप्त गर्ने गरी २४ सै घण्टा सञ्चालन हुनेगरी Hotline सेवालाइ निरन्तर रुपमा संचालन गरिनेछ।
- **कार्यालय प्रमुख वैठक सञ्चालन** : प्रत्येक महिनाको ५ गते जिल्लास्थित सबै सरकारी कार्यालयका प्रमुखहरुको नियमित रुपमा वैठक वसी कार्यालयगत रुपमा देखिएका समस्याहरु पहिचान र साझा रुपमा समाधानका उपायहरु खोजी गर्ने कार्यलाइ निरन्तर अगाडि बढाइनेछ।
- **कार्यालय निरीक्षणः** सेवाग्राहीहरुको उच्च चाप भएका कार्यालयहरुको सेवालाइ जनमैत्री वनाउनका लागि नियमित तथा आकस्मिक रुपमा निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।
- **सार्वजनिक सुनुवाई सञ्चालन** : तेह्रथुम जिल्लाको सार्वजनिक सेवा प्रवाहको अवस्थालाई सुधार गर्ने गरी वार्षिक रुपमा आम सेवाग्राहीहरु तथा अन्य सरोकारवालहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई सञ्चालन गरिनेछ।
- **अभिमुखिकरण कार्यक्रमः** व्यक्तिगत घटना दर्ता (पञ्जीकरण) सम्बन्धी कार्यमा देखिएका अन्योलता हटाई सबै स्थानीय तहमा एकरुपताका साथ कार्यान्वयन गर्ने गरी स्थानीय तहस्तरमा स्थानीय पञ्जिकाधिकारी तथा अन्य जनप्रतिनिधिहरुको लागि अभिमुखिकरण कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिनेछ।
- **अर्धन्यायिक निकायको क्षमता सुदृढीकरणः** अर्धन्यायिक निकायको रुपमा रहेका जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, मालपोत कार्यालय, स्थानीय तह, जिल्ला/ईलाका प्रहरी कार्यालयको मुद्दा शाखामा कार्यरत कर्मचारीहरुलाई कानून तथा न्याय सम्वन्धि कार्यविधिगत जानकारीको लागि जिल्ला न्यायाधिस, जिल्ला न्यायाधिवक्ता लगायतका विज्ञहरुवाट क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

## भाग छ

## २०८०/१२/१२ पछिका केही नवप्रवर्तनात्मक/मुख्य कार्यहरु

(प्रमुख जिल्ला अधिकारी मीना अर्यालले कार्यभार सम्हाले पश्चात)

१. सेवा प्रवाह र सुशासन सम्बन्धी

I. कार्यालयमा निशुल्क सहायता कक्ष स्थापना गरी बजारबाट E-Passport भर्ने बोर्डहरू हटाइ कार्यालयबाटै निःशुल्क सेवा दिने व्यवस्था मिलाइएको।

II. कार्यालय प्रमुख लगायतका बैठक/गोष्ठी यथासमयमा (Ontime) हुने गरेको।

III. कार्यालय प्रमुखले जिल्ला छोड्दा अनिवार्य रूपमा जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था कार्यान्वयनमा आएको।

IV. विदाका दिन सरकारी सवारी साधन चलाउनु परेमा जिल्ला प्रशासन कार्यालयबाट स्वीकृती लिनु पर्ने अनिवार्य व्यवस्था लागू भएको।

V. सेवाग्रहीको सहजताका लागि कार्यालयको Website मा नागरिक वडापत्र (Online Citizen Charter) राखिएको।

VI. कार्यालय प्रमुखको बैठकमा कार्यालयको कार्यसम्पादनको अवस्था समीक्षा जेठ महिनामा गरी सबै कार्यालय प्रमुखहरुलाइ कम्तिमा ८०% प्रगित हासिल गर्न निर्देशन दिइएको।

VII. सबै कर्मचारीले अनिवार्य रूपमा कार्यालयको पोशाक (Office Uniform) लगाउनु पर्ने व्यवस्था लागु भएको।

VIII. कार्यालयका कोठाहरूको Layout मिलाई सेवा प्रवाहमा शीघ्रता, सहजता र पारदर्शीता बढाइएको।

IX. २०७७ असोज पूर्वका राष्ट्रिय परिचयपत्रका कार्डहरू कार्यालयमा त्यसै थन्किएर रहेकाले सूचना प्रकाशन गरी उक्त कार्डहरू वितरण भइरहेको, नयाँ कार्डहरू विभागमा माग गरिएको। साथै विभागबाट NID Card Reader (Omnkey) माग गरी इलाका प्रशासन कार्यालय आठराइबाट रा. प. प. वितरणको कार्य शुरु गरिएको ।

X. कार्यालयका कोठाहरु, यात्रुकक्ष र परिसरको सरसफाइ नियमित गरीएको ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

२. पूर्ण अपांगता व्यक्तिलाइ घरमै नागरिकता वितरण

अहिले जिल्ला प्रशासन कार्यालयले अपांगता भएका व्यक्ति र हिडडुल गर्न नसक्ने वृद्धहरुलाइ घरमै नागरिकता वितरण गर्ने नीति लिएको छ । सोही नीति अन्तर्गत २०८१।३।२२ गते शनिवार प्रमुख जिल्ला अधिकारी श्री मीना अर्यालद्धारा छथर गाउपालिकाका छ जना पूर्ण अपांगता भएका व्यक्तिहरुलाइ घर घरमै पुगी नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्नुभएको छ ।प्र जि अ प्रशासन र नागरिकता शाखाका कर्मचारी सहित छथर गा पा को वार्ड न ५ को ओखे, रातामाटे र खाल्डे , वार्ड न ३ को पंचकन्याका २ घर र वार्ड १ का ठकुरी गाउमा पुगेर विहान ७:00 बजेदेखि साझ ७:00 बजेसम्म सेवा प्रदान गर्नु भएको। यस कार्यका लागि छ थर गाउपालिकाका अध्यक्ष श्री संतविर लिम्बु र उहाको टिमले समन्वय र सहकार्य गर्नु भएको। अहिले जिल्ला प्रशासन कार्यालयले अपांगता भएका व्यक्ति र हिंडडुल गर्न नसक्ने वृद्धहरुलाइ घरमै नागरिकता वितरण गर्न सबै स्थानीय तहसंग यससम्वन्धी विवरण पठाइदिन अनुरोध गरेको छ ।

३. विपद व्यवस्थापन सम्वन्धी

- विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८१ स्वीकृत ।
- विपद् प्रतिकार्यको लागि QRT/IRT परिचालन योजना २०८१ स्विकृत ।
- दुबै योजनाको प्रभावकारी कार्यान्यवन भैरहेको ।
- जिल्ला प्रशासन कार्यालय रेडक्रस र उद्योग वाणिज्य संघसंग विपद पश्चात तत्काल उपलब्ध गराउनु पर्ने खाद्यान्न, लत्ता कपडा, टेन्ट लगायतका सामानको व्यवस्थापन गरी तयारी अवस्थामा रहेको ।सबै स्थानीय तहलाइ पनि यसरी नै तत्कालीन राहतको लागि तयारी अवस्थामा रहन समन्वय गरिएको ।
- विपद् सम्वन्धी सूचना आदान प्रदान गरी विपद् पुर्वतयारी तथा प्रतिकार्य सम्वन्धि काम गर्न जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु, स्थानीय तहका प्रमुख/अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र विपद् फोकल पर्सन, स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, रेडक्रस, उद्योग वाणिज्य संघ लगायतको एउटा Whatsapp Group बनाइ निरन्तर सूचना प्रवाह/आदान प्रदान भैरहेको ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

- सुरक्षा निकायद्धारा बाढीको प्रकोपबाट हुने क्षति कम गर्न, प्रकोपपछि उद्धार, प्राथमिक उपचार र राहत वितरणसम्बन्धी विपद् व्यवस्थापन नमुना अभ्यास गरिएको। विपद् जोखिम क्षेत्रको पहिचान गरीएको ।
- म्याङ्लुङ् नगरपालिका र आठराइ गाउपालिकाभित्रका २ वटा घर पहिरोको जोखिममा परेकोमा तत्कालै सुरक्षित ठाउमा स्थानान्तरण गरिएको
- भण्डारमा रहेका सबै सामानको चेकजाच, अभिलेख तथा भण्डारण व्यवस्थापन गरिएको।

४. अनुगमन तथा निरिक्षण सम्वन्धी

प्रमुख जिल्ला अधिकारी सहितको टिमबाट जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल ३ नं गुल्म, इलाका प्रहरी कार्यालय बसन्तपुर, इलाका प्रहरी कार्यालय संक्रान्तिबजार, सशस्त्र प्रहरी बल सुरक्षा बेस संक्रान्तिबजार, इलाका प्रशासन कार्यालय संक्रान्तिबजार आठराइ, कारागार कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय, तेह्रथुम अस्पताल, प्रहरी चौकी जिरिखिम्ति, मोराहाङ, लसुने, शुक्रबारे, ओखे, सम्दु, पोक्लावाङ, निरिक्षण, कार्यक्रममा प्र. जि. अ. बाट आवश्यक निर्देशन समेत भएको थियो ।

५. वजार अनुगमन

जिल्ला प्रशासन कार्यालय तेह्रथुमको परिसरमा मिति २०८१ असार १२ गते बुधबारका दिन प्रमुख जिल्ला अधिकारीको रोहवरमा करिव रू. १८९६१।- बराबरको म्याद नाघेका, लेवल विवरण इ. नभएका खाद्य तथा पेय पदार्थ सामग्री जफत गरी नष्ट गरिएको छ । जिल्ला प्रशासन कार्यालय तेह्रथुम, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय धनकुटा, उद्योग वाणिज्य संघ तेह्रथुम, घरेलु तथा साना उद्योग कार्यालय तेह्रथुम, जिल्ला प्रहरी कार्यालय तेह्रथुम, म्याङलुङ नगरपालिका, पत्रकारसहितको संयुक्त बजार अनुगमन टोलीबाट म्याङलुङ बजारमा अनुगमन/निरीक्षण हुँदा खाद्य पसल तथा होटलहरुबाट म्याद नाघेका, लेवल विवरण इ. नभएका सामान जफत गरिएको हो ।

६. सवारी साधनको यात्रु भाडादर घटाइएको

सवारी साधनको यात्रु भाडादर समायोजन (५-२५% घटाइएको) छ। मिति २०८१।०३।०९ गते प्रमुख जिल्ला अधिकारीको संयोजकत्व, जिल्ला समन्वय प्रमुख र

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

म्याङ्लुङ नगर प्रमुखको विशेष उपस्थितिमा जिल्ला प्रशासन कार्यालयमा सवारी साधनको यात्रु भाडादर पुनरावलोका गर्न सम्वन्धित सरकारी निकाय, राजनीतिक दल, यातायात व्यवसायी संघ, उद्योग वाणिज्य संघ लगायतका प्रमुख तथा प्रतिनिधि समेत करिव ३० जनाको उपस्थितिमा सम्पन्न बैठकले जिल्लाभित्र सडकको अवस्था, यात्रुको चाप लगायतका पक्षलाइ विचार गरी बस र माइक्रो/हायसको भाडादर समायोजन गरेको हो । केही वर्षदेखि सवारी भाडादरमा पुनरावलोकन नभएको, पछिल्लो समयमा धेरै स्थानमा सडकहरु कालोपत्रे भएको सन्दर्भमा अवस्था हेरी ५ देखि २५ % सम्म सवारी साधनको यात्रु भाडा दर सर्वसम्मत निर्णयबाट घटाइएको छ । यो नया भाडादर २०८१।०३।१२ देखि कार्यान्वयनमा आएको छ ।

अहिले अधिकांश क्षेत्रमा महंगी/मुल्यवृद्धि छ । हामीले सर्वसाधारण जनतालाइ थोरै भएपनि राहत होस भनेर बस र माइक्रो/हायसको यात्रुभाडा दर घटाउन सफल भएका छौ। EV, टेम्पो, ट्याक्सि इ. आगामी दिनमा पुनरावलोकन हुनेछ। गरौ ।

## ७. योग कार्यक्रम सञ्चालन

जिल्ला प्रशासन कार्यालयले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रसँग समन्वय गरी योग सम्बन्धी निम्न कार्यक्रम सञ्चालन भएका।

- कारागार कार्यालय तेह्रथुममा सबै कैदीबन्दीहरूलाई (करिब ९० जना) योग कार्यक्रम।
- जिल्ला प्रहरी कार्यालय, तेह्रथुममा सबै प्रहरी कर्मचारीहरू (करिब ८० जना) लाई योग कार्यक्रम।
- प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा करिब ७० जनाको सहभागितामा विश्व योग दिवस मनाइएको।
- कार्यालय प्रमुख तथा कर्मचारीहरू (करिब ३५ जना) लाई योग कार्यक्रम सम्पन्न ।

## ८. वृहत वृक्ष रोपण कार्यक्रम

विश्व वातावरण दिवस (जुन ५) को अवसरमा जिल्ला प्रशासन कार्यालयको नेतृत्व र संयोजनमा पर्यटकीय नगरी बसन्तपुर र जिल्लाको सदरमुकाम म्याङलुङ बजार जोड्ने

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

उद्देश्यले मध्यपहाडी लोकमार्गको छेउछाउ लालीगुराँस र कल्की लगायतका फूल रोप्ने कार्यक्रम अन्तर्गत करिब ८५० बिरूवा रोपिएको। यो वृक्षरोपण कार्यक्रमलाइ दिदै ६००० सम्म रोप्ने योजना रहेको । यस कार्यक्रममा प्रतिनिधि सभाका माननीय सांसद सीता गुरुङ् प्रदेश माननीयहरु नगर प्रमुखहरु कार्यालय प्रमुख सुरक्षा निकाय लगायत करिव २५० जनाको रहभागिता थियो ।

## ९. OCMC सम्बन्धी वृहत सूचना प्रवाह अभियान

अस्पतालमा आधारित लैंगिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मा अत्यन्तै नगण्य जनता मात्र सेवा लिन आउने गरेको सन्दर्भमा प्रमुख जिल्ला अधिकारीले अध्यक्षता गर्ने लैंगिक हिंसा व्यवस्थापन समन्वय समितिको बैठकबाट निर्णय भए बमोजिम जिल्लाका सबै ४३ वटा वडाहरूमा OCMC बारेको जानकारी र सम्पर्क नं. सहितको Flex Board सबै ४३ वडामा राखे काम सुरु भएको। जसबाट सबै जनतामा OCMC सम्वन्धी जानकारी तथा प्राप्त हुनेछ ।

वि स २०६९ देखि देशभर ७७ जिल्लाका ८८ अस्पतालमा शुरु भएको यो सेवा तेह्रथुम जिल्लामा सुचनाको कमीका कारण अतिनै न्यून सेवाग्राही/हिंसापिडितले सेवा लिएका छन् । यसको व्यापक सूचना प्रवाह अभियान मार्फत सबैको जानकारीमा ल्याउन आवश्यक छ। यो केन्द्रले हिंसा पिडितलाइ निशुल्क र सहज रुपमा स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, चिकित्सकीय परामर्श, कानूनी सवा/परामर्श, सुरक्षा, सुरक्षित आवास गृह, पुनर्स्थापना लगायतका सेवा एकैद्धारबाट प्रदान गर्दछ ।

## १०. जग्गा प्राप्ति

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय तेह्रथुमको आफ्नै कार्यालय भवन नभएकाले कार्य सञ्चालन र व्यवस्थापनमा असहज भएकोले म्याङलुङ नगरपालिका वडा नं. १ स्थित नेपाल सरकार महेन्द्र पार्कको नाममा रहेको सार्वजनिक जग्गा कित्ता नं. ३२५ क्षेत्रफल ०-१४-०-० भएको जग्गा विपद् व्यवस्थापनमा उपयोग नहुने भएकाले उक्त जग्गा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुमलाई उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारीले

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

अध्यक्षता गर्ने जिल्ला विपद् व्यवस्थापन समितिको बैठक (सर्वदलीय सर्वपक्षिय) बाट सिफारिश गरी राष्ट्रिय अनुसन्धान विभाग र गृह मन्त्रालयमा सहमतिका लागि पठाइएको।

कारागार कार्यालय अत्यन्तै साघुरो ठाउमा रहेको, ३ गुना बढी कैदी बन्दी रहेकोले सुरक्षा व्यवस्थामा समेत चुनौती देखा परेकोले नगर विकास सामितिको नाममा रहेको २ सोपनी जग्गा उपलब्ध गराउने सम्वन्धमा प्रकृया अगाडि बढाइएको ।

## ११. कार्यालयमा रंगरोगन

कार्यालयको भवनको हालको रंग पुरानो भएको साथै " सार्वजनिक भवनमा प्रयोग हुने रंग सम्वन्धी निर्देशिका २०६९" बमोजिम नभएको सन्दर्भमा उल्लिखित निर्देशिका बमोजिम जिल्ला प्रशासनको भवनमा सेतो र रातो रंगबाट रंगरोगन गरी चिटिक्क पारिएको ।

## १२. भव्य रुपमा दिवस/सप्ताह मनाइएको

- **गणतन्त्र दिवसः** प्रमुख जिल्ला अधिकारीको नेतृत्व/संयोजकत्वमा सर्वदलीय/ सर्वपक्षीय तयारी बैठक बसी भव्यताका साथ मनाइएको
- **विश्व वातावरण दिवस जुन ५:** प्रमुख जिल्ला अधिकारीको नेतृत्व/संयोजकत्वमा तयारी बैठक बसी भव्यताका साथ मनाइएको । करिव ८५० विरुवा रोपिएको ।
- **विश्व योग दिवसः** प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भव्यताका साथ मनाइएको ।
- **ट्राफिक सप्ताहः** प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला प्रहरी कार्यालयको आयोजनामा भव्यताका साथ मनाइएको ।
- **लागू औषध दुर्यसनी विरुद्ध दिवसः** प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भव्यताका साथ मनाइएको ।
- **विश्व धान दिवसः** प्रमुख जिल्ला अधिकारीको विशेष आतिथ्यतामा भव्यताका साथ मनाइएको ।
- **विश्व जेष्ठ नागरिक दिवसः** प्रमुख जिल्ला अधिकारीको विशेष आतिथ्यतामा भव्यताका साथ मनाइएको ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

**आगामी योजना तथा कार्यदीशा (थप)**

- नागरिकता राष्ट्रिय परिचय पत्र राहदानी लगायतका सेवामा टोकन प्रणाली लागू
- सबै स्थानीय तहमा सेवाप्रवाह तथा सुशासन सम्वन्धी सार्वजनिक सुनुवाइ गर्ने
- मुख्य मुख्य रुग्ण आयोजना सम्पन्न गर्ने
- सडक आयोजनाको प्रोफाइल तयार/अद्यावधिक गर्ने सम्वन्धी
- कार्यालय परिसरमा गोलघर निर्माण गर्ने
- सेवाग्राही प्रतिक्षालय विस्तार गर्ने
- कार्यालय र परिसरलाइ थप डेकोरेटिभ बनाउने
- जिल्लाका पर्यटकीय स्थलहरुको कार्यालयमा प्रदर्शनी राख्ने
- कार्यालयमा फर्निसिङ गर्ने
- सेवा प्रवाह सुशासन र सामाजिक सशक्तिकरणका लागि महिलाहरुको सन्जाल गठन गर्ने ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी